आज मिति २०८० साल फाल्गुन २१ गते सोमवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | [signature] |
| २ | उपाध्यक्ष | श्री सीता राई | [signature] |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | [signature] |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | [signature] |
| ५ | सदस्य | श्री गोपाल राई | [signature] |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | [signature] |
| ७ | सदस्य | श्री राम प्रसाद राई | — |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | — |
| ९ | सदस्य | श्री नविन राई | — |
| १० | सदस्य | श्री सन्तोष राई | [signature] |
| ११ | सदस्य | श्री रोशन मगर | [signature] |
| १२ | सदस्य | श्री बालदिप राई | [signature] |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | — |
| १६ | सदस्य | श्री भवानी विष्ट | [signature] |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | [signature] |
| १८ | सदस्य | श्री गोविन्द परियार | — |
| १९ | सचिव | श्री धन कुमार राई | [signature] |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | [signature] |
| २१ | प्राविधिक शाखा प्रमुख | श्री बिपन सुवेदी | [signature] |

[signature] प्रमुख प्रशासकीय अधिकृत २०८०/११/२१

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

[signature] ०८०/११/२१ अशोक राई अध्यक्ष

**प्रस्तावहरु**

१. सहकारी ऋण कोष लगानी सम्वन्धमा
२. सिद्धथान पर्यटन विकास आयोजनाको पेश्की रकम उपलव्ध गराउने सम्वन्धमा
३. हात्तीपाइले मान्दुङमा खोला खानेपानी योजनाको डि.पि.आर तयारी सम्वन्धमा
४. मुल्य समायोजन रकम भुक्तानी सम्बन्धमा
५. आमचोक गाउँपालिकाको वडा नं.३ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति सम्वन्धमा
६. नागरिक उपचार कोष सहयोग अनुदान सम्वन्धमा
७. डिजल खरीद सम्वन्धमा
८. ढुङ्गा ,गिटी र वालुवाको कर निर्धारण सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं १ माथि छलफल भइ आमचोक गाउँपालिकाको सहकारी ऋणकोष संचालन कार्यविधि २०७७ वमोजिम प्रकृया पुरा गरी आवेदन दिइ सिफारिस भइ आए वमोजिम तपशिल वमोजिम सहकारी संस्थाहरुलाई सहकारी ऋण कोषको लागि गत वर्ष लगानी गरिएको साँवा व्याज गरी जम्मा रु.५४,६०,०००। असुल गरी यस आ.व.मा विनियोजित रु.५,००,०००। गरी जम्मा रु.५९,६०,०००। तपशिल वमोजिम ऋण लगानी गर्ने ।

| क्र.स. | सहकारीको नाम | ठेगाना | स्वीकृत ऋण रकम |
|---|---|---|---|
| १ | श्री बालंखा कृषि सहकारी संस्था लिमिटेड, | आमचोक-४ | ७,००,००० |
| २ | श्री पब्लिक बचत तथा ऋण सहकारी संस्था लि. | आमचोक-४ | १५,६०,००० |
| ३ | श्री एकुवा खोला चिसापानी बहुउदेश्यीय सहकारी संस्था लि. | आमचोक-९ | ७,००,००० |
| ४ | श्री आमचोक कृषि सहकारी संस्था लि. | आमचोक-४ | १६,००,००० |
| ५ | श्री दुम्माना महिला बचत तथा ऋण सहकारी संस्था लि. | आमचोक-९ | ८,००,००० |
| ६ | श्री सामुदायीक बचत ऋण सहकारी संस्था लि. | आमचोक-६ | ६,००,००० |
| | | जम्मा | ५९,६०,००० |

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भइ मिती २०८०/०९/२० मा IFB NO.: ARM/NCB/WORKS/01/2080-081 "SIDHATHAN BIKAS AAYOJANA" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र दोभान निर्माण सेवा धनकुटा बिच सम्झौता भएको र स्पेसियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 अनुसार सम्झौता रकमको २०% रकम दुई किस्ता (पहिलो किस्ता १०% र दोस्रो किस्ता १०%) गरेर दिने भनिएको, उक्त निर्माण कम्पनी बाट मिती २०८०-११-१८ गते पेश्की रकम माग गरी नेपाल बैङ्क लिमिटेड धरान शाखाबाट बैङ्क जमानत पत्र नं APG016860004 बाट जम्मा रु ९,००,०००।– (अक्षेरुपी रु. नौ लाख मात्रको) जमानत पत्र पेश गरेको हुदा उक्त निर्माण कम्पनिसँग भएको सम्झौताको स्पेशियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 बमोजिम पहिलो किस्ता १०% रकम तपशिल वमोजिम सार्बजनिक खरीद ऐन २०६३ को दफा ५२(क) तथा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ बमोजिम भुक्तानी दिने ।

**तपशिल**

- सम्झौता रकम : रु ७९,३८,०४७।१
- मु.अ.क बाहेक : रु ६९,६२,८७३।५०
- पेश्की जम्मा (२०%): रु १३,९२,५७४।७०
- हाल भुक्तानी गर्नु पर्ने रकम (१०%) : रु ६,९६,२८७।-

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि छलफल भइ हात्तीपाइले मान्दुङमा खोला खानेपानी योजनाको ( एकघर एक धारा कार्यक्रम) ट्रिटमेन्ट प्लान्ट,सपोर्टवाल,थप डिष्ट्रिव्यूटर लाइन र आर भि टि को लागि सोहि योजना अन्तर्गत विनियोजित रु.३० लाख वजेटवाट रु.५०००००।(अक्षरुपी पाँचलाख मात्र) खर्च हुने गरी विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयारी गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/११/२९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

०८०/११/२९

अशोक राई
अध्यक्ष

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि छलफल भइ मिती २०८०/०३/२५ मा IFB NO.: ARM/NCB/WORKS/05/2077-78 "CONSTRUCTION OF AAMCHOWK ADHARBHUT ASPATAL" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र सगरमाथा घिमिरे निर्माण सेवा खोटाङ्ग बिच सम्झौता भएको र स्पेसियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 53.1 अनुसार मुल्य समायोजन रकम दिने भनिएको, उक्त निर्माण कम्पनी बाट मिती २०८०-११-१८ गते मुल्य समायोजन रकम माग गरी निबेदन आएको र यस कार्य अन्तर्गत सम्झौता पत्रमा रहेको जेनेरल कन्डिसन अफ कन्ट्राक्ट र स्पेसियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 53.1 अनुसार तोकिएको सुत्र र कोफिसियन्टलाई आधार मानी उक्त कन्डिसन बमोजिम नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको बोलपत्र आह्वान हुनु भन्दा ३० दिन अगाडीको ईन्डेक्स लाई बेस ईन्डेक्स र बिल दिईएको ३० दिन अगाडिको ईन्डेक्सलाई हाल ईन्डेक्स मानेर GCC 53.1 बमोजिमको सुत्र प्रयोग गरी आएको तपशिल बमोजिमको रकम सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११९ बमोजिम भुक्तानी दिने ।

| | |
|---|---|
| हाल काम भएको बाँकी दिनुपर्ने रु. | रु.६३,९२,०३८.८३ |
| **कट्टा गर्नु पर्ने रु** | |
| अग्रीम आय कर रकम रु. | रु.८४८५०.०७ |
| धरौटी रकम रु. | रु.२८२८३३.५८ |
| अन्य कट्टी गर्ने पर्ने रकम रु. | रु.२२०६१०.१९ |
| खुद दिनु पर्ने रकम रु. | रु.५८०३७४४.९९ |

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई आमचोक गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको लागि आमचोक गाउँपालिका वडा नं ३ थिदिंखा (साविकको चण्डिवजार गा.वि.स. वडा नं.८) मा रहेको जग्गा श्री ललितमान राईको छोरा श्री गणेश वहादुर राईले किता नं ३६१ को क्षेत्रफल १६-८-२-२ वाट पुरै पूर्व उत्तर तर्फतिरवाट ३ रोपनी निशुल्क जग्गा उपलव्ध गराएकोले सो जग्गा प्राप्त गर्नको लागि वडा समितिले पनि उपयुक्त भएको ठहर गरे वमोजिम सो जग्गा प्राप्त गर्नको लागि स्वीकार गरी जग्गा प्राप्ति ऐन,२०३४ को दफा ५ वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं ३ का वडा सचिव श्री द्वारिकाप्रसाद गणेशलाई तोक्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं.६ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को दफा ९ को उपदफा(१) वमोजिम पालिकास्तरीय सिफारिस समितिद्वारा उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिको दफा ६ को उपदफा (३) बमोजिम तपशिल वमोजिम गाउँसभाले विनियोजित नागरिक उपचार कोषवाट उपचार खर्च रु.१०००००। (अक्षेरुपी एकलाख मात्र) उपलव्ध गराउने ।

तपशिल

| क्र.सं. | सिफारीस गरीएको बिरामिको नाम | ठेगाना | नागरीक्ता प्रमाण पत्र नं./जन्म दर्ता प्र. प. नं. | रोगको नाम | रोग पत्ता लागि उपचार भएको/उपचाररत रहेको अस्पताल |
|---|---|---|---|---|---|
| १ | सम्पूर्ण राई, ६२ बर्ष,महिला | आमचोक गा.पा., वडा नं.-०१ ,भोजपुर | ना प्र प नं ०९३०५८/२४९ | क्यानसर | विर अस्पताल,काठमाण्डौ |

**निर्णय नं.७**

प्रस्ताव नं.७ माथि छलफल भई गाउँपालिकामा रहेको व्याकहोलोडरको प्रयोग गरी सडकहरुको मर्मत गर्नको लागि नेपाल सरकार वित्तीय समानीकरण अनुदानको मर्मत सम्भार कोष शिर्षकवाट रु.५०००००।(पाँचलाख मात्र) को डिजल खरीद गर्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं.८ माथि छलफल भई आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को लागि राजश्व परामर्श सिमितिको सिफारिसको आधारमा आमचोक गाउँपालिका क्षेत्रभित्र रहेको ढुङ्गा,गिटी र वालुवा उत्खनन तथा विक्रि वितरणको लागि गाउँपालिकाले (IEE) गरी सकेका स्थानहरुवाट प्रदेश सरकारको आर्थिक ऐन २०८० को अनुसूचि ५ को दफा ७ को उपदफा (१) संग सम्वन्धित प्राकृतिक श्रोत संकलन तथा विक्रि शुल्क वापत ढुङ्गा र गिटी प्रति क्यू.फिट रु.७। र बालुवा प्रति क्यू.फिट रु.६। कायम गरि आमचोक गाउँपालिकाको ढुङ्गा ,गिटी ,वालुवा संकलन तथा विक्रि वितरण सम्वन्धी कार्यविधि-२०८० वमोजिम निर्माण व्यवशायी,उपभोक्ता समिति र व्यक्तिहरुवाट नियम वमोजिम कर संकलन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2080/11/29

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

२०८०/११/२९ अशोक राई अध्यक्ष